बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

# आर्थिक वर्ष २०८३।८४ को दोस्रो कार्यपालिका बैठकका निर्णयहरु

(मिति: २०८३।०४।२२ गते)

## प्रस्तावहरु:

१. आ.व. २०८३/८४ को स्थानीय दररेट सम्बन्धमा ।

२. विपद् व्यवस्थापन सम्बन्धमा ।

३. नगरस्तरीय भूमी समस्या सहजीकरण समितिलाई पूर्णता दिने सम्बन्धमा ।

४. विविध सम्बन्धमा ।

## निर्णयहरु:

१. आ.व. २०८३/८४ को लागि म्याग्दी जिल्लाको लागि तय भएको जिल्ला दररेटलाई नै बेनी नगरपालिकाको लागि स्थानीय दररेट कायम गर्ने । जिल्ला दररेटमा उल्लेख नभएको स्थानीय ग्राबेलको दररेट पाँचसय रुपैंया प्रति घन मिटर (Rs. 500/Cube Meter) तोक्ने । त्यस्तैगरी, आयोजना सूचना पाटीको लागि फ्लेक्स प्रिन्ट (०.९*१.५ मिटर) को रु. १०००।– र जस्ता पाता प्रिन्ट (१.८*१.२ मिटर) को रु. ६०००।– कायम गर्ने ।

२. नगर क्षेत्रमा भएका विभिन्न विपद्का घटनाका कारण धन जनको क्षति भएकोले क्षतिको प्रारम्भिक विवरण तयार गरी राहत वितरण तथा विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय विपद् व्यवस्थापन समितिको बैठकमा पेश गरी छलफल गर्ने । साथै, मनसुनजन्य विपद्का कारण अवरुद्ध सडकहरु तत्काल खुलाई यातायात आवागमन सहज बनाउन तथा चाडपर्व लक्षित सडक सरसफाई कार्यको मेसिन (डोजर) भाडामा लिनका लागि मिति २०८३/०४/१४ गते आव्हान गरिएको सूचना अनुसार कोही कसैबाट पनि आवेदन नपरेको हुँदा अवरुद्ध सडकहरु तत्काल खुलाउन तथा चाडपर्व लक्षित सडक सरसफाई कार्य गर्नको लागि दश वटै वडाको भूगोललाई समेट्ने गरी देहाय बमोजिमको क्लष्टर तयार गरी प्रत्येक क्लष्टरका लागि छुट्टाछुट्टै मेसिन भाडा सम्झौता गरी मेसिन (डोजर) भाडामा लिई सडक मर्मत गरी यातायातलाई सहज बनाउने ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

क) पहिलो क्लष्टरः वडा नं. १, २ र ३

ख) दोस्रो क्लष्टरः वडा नं. ४ र ५

ग) तेस्रो क्लष्टरः वडा नं. ६, ७ र ८

घ) चौंथो क्लष्टरः वडा नं. ९ र १०

३. नगरस्तरीय भूमी समस्या सहजीकरण समितिको सदस्यको रुपमा बेनी नगरपालिकाको तर्फबाट नगर कार्यपालिका सदस्य श्री मिना कुमारी कार्की र सदस्य श्री मन कुमारी वि.क लाई तोकी समितिलाई पूर्णता दिने ।

४. म्याग्दी प्रवासी नेपाली संघ म्याग्दीले किर्तिमानी हिमाल आरोही स्वर्गीय निर्मल पुर्जा (निम्स दाई) को शालिक निर्माणका लागि जग्गा उपलब्ध गराइदिन पेश गरेको निवेदन उपर बैठकमा छलफल भयो । सो सम्बन्धमा म्याग्दी प्रवासी नेपाली संघ म्याग्दीको लगानीमा शालिक सहितको पार्क निर्माण लगायतका पूर्वाधार निर्माण गर्दा यस नगरपालिकाको पर्यटन प्रर्वधनमा समेत टेवा पुग्ने देखिएकोले सो कार्यका लागि यस बेनी नगरपालिका, वडा नं. २ स्थित लम्भिहिल उपयुक्त स्थान हुने हुँदा सोका लागि आवश्यक सहजीकरण गर्ने ।

५. वडाको संख्या र सीमाना लगायत स्थानीय तहको विद्यमान वर्गीकरण पुनरावलोकन सम्बन्धी विषयमा वडामा छलफल भई प्राप्त भएको सुझावलाई यथारुपमा जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने ।

६. कस्तुरी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमा बचतकर्ताहरुको बचत फिर्ताको लागि सहजीकरण गर्न वडा नं. ८ का वडा अध्यक्ष तथा यस नगरपालिकाको सुशासन तथा संस्थागत क्षमता विकास समितिका संयोजक श्री उत्तम कुमार कर्माचार्यलाई जिम्मेवारी तोकी बचतकर्ताको बचत फिर्ता सम्बन्धमा भएको प्रगति अर्को कार्यपालिका बैठकमा पेश गर्न लगाई सो बैठकबाट संस्थाको बारेमा थप निर्णय लिने ।

सुरेन्द्र के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३